# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज २१ गते २०३१ साल

श्री ५ को सरकार

### उद्योग वाणिज्य मन्त्रालयको

### सूचना

औद्योगिक व्यवसाय ऐन, २०३० को दफा १० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यलाई निम्नबमोजिम चार ४ क्षेत्रमा विभाजन गरी प्रत्येक क्षेत्रमा निम्नबमोजिम इलाका तोकिदिएको छ ।

१. "क" क्षेत्रमा पर्ने इलाकाः-

(१) काठमाडौं उपत्यका (२) विराटनगर नगर पञ्चायत र सो नगर पञ्चायतको सिमादेखि ८ किलोमीटर बाहिरसम्म (३) बीरगन्ज नगर पञ्चायत र सो नगर पञ्चायतको सिमादेखि ८ किलोमीटर बाहिरसम्म ।

२. "ख" क्षेत्रमा पर्ने इलाकाः-

(१) भद्रपुर नगर पञ्चायत र सो नगर पञ्चायतको सिमादेखि ४ किलोमीटर बाहिरसम्म

(२) जनकपुर नगर पञ्चायत क्षेत्र र सो नगर पञ्चायतको सिमादेखि ४ किलोमीटर बाहिरसम्म ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) राजविराज नगर पञ्चायत र सो नगर पञ्चायतको सिमादेखि ४ किलोमीटर बाहिर-सम्म ।

(४) भैरहवा नगर पञ्चायत र सो नगर पञ्चायतको सिमादेखि ४ किलोमीटर पूर्व, दक्षिण, पश्चिम र उत्तरमा बुटवलसम्म ।

(५) नेपालगन्ज नगर पञ्चायत र सो नगर पञ्चायतको सिमादेखि ४ किलोमीटर बाहिर-सम्म ।

(६) विराटनगरको (क) क्षेत्रमा पर्ने इलाका बाहेक अन्य क्षेत्र र सोदेखि उत्तर धरान-सम्म ।

(७) बीरगन्जको (क) क्षेत्रमा पर्ने इलाका बाहेक अन्य क्षेत्र र सोदेखि उत्तर हेटौंडासम्म ।

(८) पोखरा नगर पञ्चायत र सो नगर पञ्चायतको सिमादेखि ४ किलोमीटर बाहिरसम्म ।

३. "ग" क्षेत्रमा पर्ने इलाका:-

उल्लेखित (क) क्षेत्र र (ख) क्षेत्रमा नपरेका तराईका सबै इलाकाहरू ।

४. "घ" क्षेत्रमा पर्ने इलाका:-

उल्लेखित (क) क्षेत्र र (ख) क्षेत्रमा नपरेका सबै पहाडी इलाकाहरू ।

आज्ञाले-
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

५३०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।